आज मिति २०८२ साल माघ २९ गते बिहिबारको दिन विहान ११: ०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को बाह्रौं कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | (हस्ताक्षर) |
| २ | देविता राई | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | गणेश राई | वडाध्यक्ष | (हस्ताक्षर) |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | (हस्ताक्षर) |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | (हस्ताक्षर) |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | (हस्ताक्षर) |
| ७ | ईश्वर राई | वडाध्यक्ष | (हस्ताक्षर) |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेविका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | (हस्ताक्षर) |
| आमन्त्रित | | | |
| १ | मधु बहादुर राई | प्र.अ. | (हस्ताक्षर) |
| २ | भावना पराजुली | सहायक, पाँचौं, प्रशासन | (हस्ताक्षर) |

प्रस्तावहरु:

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: खेलकुद विकास समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ३: पालिकाभित्र संचालित हाइड्रोपावर ~~नियमन/ संचालन~~ सम्बन्धमा ।

प्रस्ताव नं. ४: विपन्न महिलाहरुलाई ३२० घण्टे सि.टि.भि.टि तालिम कार्यक्रम संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ५:गाउँपालिका तथा वडा स्तरीय योजना कार्यान्वयन समिक्षा सम्बन्धमा ।

(हस्ताक्षर) २०८२/१०/२९

प्रस्ताव नं. ६: शिशाजन्य पेय पदार्थमा आयात हुने वस्तुको निरुत्साहन तथा करदाता शिक्षा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ७:राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. ८:नुन ढुवानी तथा वितरण सम्बन्धमा ।

प्रस्ताव नं.९ पोषणमैत्री स्थानीय शासन प्रवर्दनका संचालन संबन्धमा।

प्रस्ताव नं.१० विभिन्न योजना कार्यान्वयन सम्बन्धमा ।

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को एघारौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्वन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. २: खेलकुद विकास समिति गठन तथा खेलकुद गतिविधि संचालन सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नं. २ उपर छलफल गर्दा उमेश राईको अध्यक्षतामा रहेको सिलीचोङ गाउँ खेलकुद समितिले मिति २०८२/०९/१७ गते कार्यकाल सपास भई नयाँ कार्यसमिति गठनको लागि दायित्व हस्तानान्तरण सहित गाउँ खेलकुद समिति गठन अगाडि बढाउन लगाउने निर्णय सहित पेश गरेको सम्वन्धमा सुचिकृत भएका खेलाडीहरु मध्येबाट गाउँपालिका अध्यक्षबाट गाउँ खेलकुद समितिको अध्यक्ष तोक्ने तथा निजले गाउँपालिका अध्यक्ष तथा वडा अध्यक्षहरुसँग समन्वय गरी गाउँ खेलकुद समिति गठन प्रक्रिया पूर्णता दिई गाउँ खेलकुद गतिविधि संचालन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३: पालिकाभित्र संचालित हाइड्रोपावर सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं.३उपर छलफल गर्दा पालिकाभित्रका संचालित विभिन्न हाइड्रोपावर पावर कम्पनीहरुको सम्वन्धमा लिखित वा मौखिक रुपमा विषयबस्तु उठान भएर आएमा तथा CSR वापतको खर्च रकमको सम्वन्धमा कार्यपालिकामा छलफल गरी आधिकारिक रुपमा एकताबद्ध भएर अघि बढ्ने निर्णय सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ४:विपन्न महिलाहरुलाई ३२० घण्टे सि.टि.भि.टि तालिम कार्यक्रम संचालन सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ४ उपर छलफल गर्दा सिलीचोङ गाउँ विनियोजन ऐन,२०८२ बाट विपन्न महिलाहरुलाई ३२० घण्टे सि टि भि टि तालिम कार्यक्रम संचालन शिर्षकमा विनियोजित बजेटबाट कम्प्युटर तालिम संचालन प्रक्रिया अगाडि बढाउने पालिकास्तरबाट सार्वजनिक सूचना आह्वन गरी

प्रतिभा राई
प्रमुख प्रशासकीय अधिकृत

लक्षित वर्गलाई छनोट गर्ने र मान्यताप्राप्त संस्थासँग MOU गरी कार्यक्रम संचालन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ५:गाउँपालिका तथा वडा स्तरीय योजना कार्यान्वयन समिक्षा सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा गाउँपालिका तथा वडा स्तरीय योजना कार्यान्वयन प्रगति समिक्षा गर्दा सन्तोषजनक रहेको र कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी ढङ्गले अघि वढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ६: शिशाजन्य पेय पदार्थमा आयात हुने वस्तुको निरुत्साहन तथा करदाता शिक्षा कार्यक्रम सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा २०८२/१०/०४ गते देखि २०८२/१०/०९ गते सम्म सबै वडा कार्यालयहरुमा संचालन भएका शिशाजन्य पेय पदार्थमा आयात हुने वस्तुको निरुत्साहन तथा करदाता शिक्षा कार्यक्रम को समिक्षा गर्दा उक्त कार्यक्रम सन्तोषजनक रहेको तथा आगामि दिनमा थप प्रभावकारी ढङ्गले परिस्कृत गर्दै जाने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ७: राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नम्वर ७ उपर छलफल गर्दा २०८२/१०/२३ गते देखि २०८२/१०/२५ गते सम्म नागिटार स्थित खेल मैदानमामा संचालन भएको को राष्ट्रपति सञ्चालन भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सन्तोषजनक रहेको तथा केंही कमिकमजोरीहरु आगामी प्रतियोगितामा सुधार गर्दै प्रतियोगिता संचालन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. ८:नुन ढुवानी तथा वितरण सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ८ उपर छलफल गर्दा २०८२/०५/१७ नुन व्यवस्थापन समितिको निर्णय बमोजिम साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय खाँदबारी संखुवासभाबाट यस आर्थिक वर्षका लागि सिलीचोङ गाउँपालिकालाई ८०,००० के. जि. आयोडिन नुन प्राप्त हुने भएको हुँदा गाउँपालिकाले उक्त नुन प्रति के.जि. ९ का दरले नुन व्यवस्वस्थापन समितिको निर्णयबमोजिम खरिद प्रक्रिया अनुमोदन गरी नियमानुसार ढुवानी गरी पालिका भित्रका वडाहरुलाई तपशिल बमोजिम नुन निःशुल्क वितरण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिलः

| वडा | जम्मा घर धुरी संख्या | वितरण हुने नुनको परिमाण ( के.जि.) | कैफियत |
|---|---|---|---|
| १ | ६२० | १८२८० | |
| २ | ६१३ | १८०७७ | |
| ३ | ६५० | १९१५० | |
| ४ | ४७० | १३९३० | |

२०८२/१०/२५

प्रदिप ...

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ५ | ३५६ | १०५६३ | |
| जम्मा | २७०९ घर परिवार | ८०,०००/- ( के.जि.) | |

**प्रस्ताव नं.९ पोषणमैत्री स्थानीय शासन प्रवर्दन संचालन संबन्धमा।**

निर्णयः प्रस्ताव नं. ९ उपर छलफल गर्दा खाद्य तथा पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्दनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसार पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समिति गठन गरी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने र पोषणमैत्री स्थानीय तह सुनिश्चित गर्नका लागि आवश्यक कार्यक्रम संचालन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो

**प्रस्ताव नं.१० विभिन्न योजना कार्यान्वयन  सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. १० उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको विभिन्न रणनितिक महत्व वोकेका तथा गाउँपालिकाको विनियोजन ऐन,२०८२ बमोजिम स्वीकृत भएका तपशिल बमोजिमका आयोजनाहरु यथाशिघ्र सुचारु गर्ने निर्णय सर्वसहमतिले पारित गरियोः

तपशिलः

१. दाङ्गा सिन्तुप याचाम्खा सासेल काम्पेक सडक निर्माणको लागि डि पि आर निर्माण योजना ।
२. खलाला तेन्छोङ झो. पु. डि पि आर निर्माण योजना ।
३. नागिटार डि पि आर ।
४. काईकोक झरना डि पि आर।
५. पर्यटन प्रचारात्मक वेब अप्लिकेशन निर्माण ।
६. याइतापा पार्क गुरु योजना निर्माण ।
७. राजश्व सुधार कार्ययोजना ।
८. पालिका स्तरीय फोहोरमैला व्यवस्थापनका लागि डि पि आर तथा वातावरणीय प्रभाव मुल्याङ्कन निर्माण ।

२०८२।१०।२६

प्रदिप्त ...
प्रमुख प्रशासकीय अधिकृत